# बन्दीपुर गाउँपालिका

# बन्दीपुर राजपत्र

बन्दीपुर गाउँपालिकाद्वारा प्रकाशित

खण्ड:०९ संख्या:०९ मिति:२०८२/१२/२३

भाग १

## बन्दीपुर गाउँपालिका

गाउँ कार्यपालिका कार्यालयको

## कृत्रिम गर्भाधानबाट जन्मेका बाच्छी पाडी हुर्काउने कृषकको लागी अनुदान कार्यक्रम सञ्चालन कार्यविधि २०८२

कार्यपालिकाबाट स्वीकृत मिति-२०८२/११/१४

# कृत्रिम गर्भाधानबाट जन्मेका बाच्छी पाडी हुर्काउने कृषकको लागी अनुदान कार्यक्रम कार्यविधि २०८२

**प्रस्तावनाः** नेपालमा गाईभैसी पालन व्यवसाय सदियौ देखि गरिँदै आईरहेको भए पनि यसको व्यवसायिकता अझै राम्रो सँग फस्टाउन सकेको छैन । वर्तमान अवस्थामा स्थानीय जातका पशुवस्तुको उत्पादन कम रहेको र उन्नत जातका दुधालुगाई / भैसीलाई महङ्गो पर्ने , वतावरणीय अनुकुल हुन समय लाग्ने भएकोले समयमै प्रजनन् नभए भनेजस्तो उत्पादन नदिने भएकाले वर्षेनी गाई भैसीमा आयत गरिरहनु पर्दा एकातिर उत्पादन लागत बढी हुने अर्कोतिर यहिँ पाडीबाच्छी नहुर्किदा भविष्यमा गाई भैसी नै लोप हुन सक्ने अवस्थालाई समेत मध्यनजर गर्दै स्थानीयस्तरमै उच्च उत्पादन क्षमता भएका उन्नत नश्लका गाईभैसीका कोरेली बाच्छी/पाडी आफै हुर्काई तिनको प्रजनन् पश्चात दुध र दुधजन्य पदार्थको उत्पादन बढाएर कृषकको आयस्तरमा बृद्धि गरी समग्र  बन्दीपुर गाउँपालिकालाई दुध तथा दुध जन्य पदार्थको निर्यातको प्रवर्द्धनमा कृषकहरूलाई प्रोत्साहन गर्नु वान्छनीय भएकाले बन्दीपुर गाउँपालिकाको कृषि व्यवसाय प्रवर्द्धन ऐन २०७४ बमोजिम बन्दीपुर गाउँपालिकाको प्रमुख प्रशासकीय कार्यविधि (नियमित गर्ने ) ऐन २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरि गाउँ कार्यपालिकाले यो कार्यविधि बनाएको हो ।

## परिच्छेद १

१. संक्षिप्त नाम

(क) यो कार्यविधिको नाम कृत्रिम गर्भाधानबाट जन्मेका बाच्छी पाडी हुर्काउने कृषकहरूको लागी अनुदान  कार्य सञ्चालन कार्यविधि २०८२ रहने छ ।

(ख) कार्यविधि कार्यपालिकाबाट स्वीकृत भएको मितिबाट लागु हुनेछ ।

२. परिभाषाः-विषय वा प्रसङ्गले अन्य अर्थ नलागेमा

(क) "अनुदान" भन्नाले कार्यक्रम संचालनका लागि गाउँपालिका वाट प्रदान गरिने रकमलाई जनाउने छ।

(ख) "कार्यपालिका" भन्नाले बन्दीपुर गाउँपालिकाको गाउँ कार्यपालिकालाई जनाउने छ ।

(ग) "कार्यविधि" भन्नाले कृत्रिम गर्भाधानबाट जन्मेका बाच्छी पाडी हुर्काउने कृषकको लागी अनुदान कार्यक्रम सञ्चालन कार्यविधि २०८२ लाई जनाउने छ।

(ङ) "कार्यालय" भन्नाले बन्दीपुर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयलाई जनाउँछ ।

(च) "स्थानीय तह" भन्नाले बन्दीपुर गाउँपालिकालाई सम्झनु पर्दछ ।

(छ) "बीमा" भन्नाले गाई/भैसीको पाडी,बाच्छीलाई बीमा गरेको सम्झनु पर्दछ ।

(ज) “कार्यक्रम निर्देशक समिति” भन्नाले दफा ५ बमोजिम गठित समितिलाई सम्झनु पर्नेछ।

(झ) “अध्यक्ष” भन्नाले बन्दीपुर गाउँपालिकाको अध्यक्ष सम्झनु पर्दछ।

(ञ) “उपाध्यक्ष” भन्नाले बन्दीपुर गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्दछ।

(ट) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले बन्दीपुर गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ।

(ठ) “वडा कार्यालय” भन्नाले बन्दीपुर गाउँपालिकाका छ वटै वडा कार्यालयलाई जनाउँदछ ।

(ड) “लाभग्राही” भन्नाले यस कार्यक्रमबाट लाभान्वित हुने कृषकहरूलाई जनाउँदछ ।

## परिच्छेद २
## कार्यक्रम सञ्चालन

### ३. कार्यक्रम सञ्चालन प्रक्रियाः

यस कार्यक्रमको सञ्चालन प्रक्रिया देहाय बमोजिमको हुनेछ ।

(क) यो कार्यक्रम बन्दीपुर गाउँपालिकाभर वा गाउँपालिकाले तोकेको क्षेत्रमा सञ्चालन हुनेछ ।

(ख) यो कार्यक्रम पशुपन्छी तथा मत्स्य विकास शाखाको कार्यदलको समन्वयमा सम्बन्धित शाखाले सञ्चालन हुनेछ ।

(ग) कार्यक्रम सञ्चालनको लागि अनुसूची १ अनुसारको सूचना प्रकाशित गर्ने छ ।

(घ) कार्यक्रममा सहभागी हुन इच्छुक कृषकहरूले शाखामा आवश्यक कागजात सहित अनुसूची २ बमोजिम निवेदन दिन सक्नेछन् ।

(ङ) कार्यक्रम अन्तर्गत कृषक सवयंले नै पालन गरिरहेका गाईभैसीका कृत्रिम गर्भाधानबाट जन्मिएर हुर्काईरहेका पाडी/बाच्छी बाली गएपछि कृषकहरूले निवेदन पेश गर्न सक्नेछन् ।

(च) कृत्रिम गर्भाधान गरेको कार्ड र शाखाको प्राविधिकबाट अनुगमन गरी प्रमाणित भएको आधारमा शाखाले अनुदानको लागि प्रमुख प्रशासकीय अधिकृत समक्ष सिफारिस गर्नेछ ।

## परिच्छेद ३
## आर्थिक कार्यविधि

४. कार्यविधिको दफा ३ अनुसारको प्रक्रिया पार भएपछि प्रति बाच्छी/पाडी रू.१०,०००/- सम्म र एक जना कृषक/फार्मले अधिकतम् रू. ५०,०००/- सम्म प्राप्त गर्न सक्नेछन् ।

५.एक वर्ष अनुदान प्राप्त गरिसकेका कृषकहरूलाई २ वर्ष सम्म सोहि शीर्षकमा अनुदान दिईनेछैन।

६ लाभग्राहीले अनुसूची ३ बमोजिमको सम्झौता गर्नु पर्नेछ र सम्झौतामा उल्लेखित शर्तहरूको पूर्ण पालन गर्नुपर्नेछ ।

७ अनुदान प्राप्त गर्ने बाच्छी / पाडीको उमेर कम्तीमा १.५ वर्ष पुरा भएको हुनुपर्नेछ ,

## परिच्छेद ४
## विविध

**८. बाधा अड्चना फुकाउने :-** यस कार्यविधिको कार्यान्यनमा कुनैपनि बाधा अड्काउ तथा अस्पष्टता भएमा गाउँ कार्यपालिकाले यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ।

**९. संशोधन :-** यस कार्यविधिमा गाउँपालिकाले आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ ।

**१०. प्रचलित कानून बमोजिम हुने :-** यस कार्यविधिमा कुरा यसै कार्यविधि बमोजिम र अन्य कुरा प्रचलित कानून बमोजिम हुनेछ । यस कार्यविधिमा लेखिएका कुराहरू संघ तथा प्रदेशका प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म स्वत : खारेज हुनेछ ।

**अनुसूची १**

**स्थानिय राजपत्र खण्ड : ०९  संख्या ०९ बन्दीपुर गाउँपालिका**

**(दफा ३ को खण्ड (ग) सँग सम्बन्धित )**

**बन्दीपुर गाउँपालिका**

**गाउँकार्यपालिकाको कार्यालय**

**पशुपन्छी तथा मत्स्य विकास शाखा**

**कृत्रिम गर्भाधानबाट जन्मेका बाच्छी पाडी हुर्काउने कृषकको लागि अनुदान कार्यक्रमको लागी निवेदन पेश गर्ने बारे सूचना ।**

बन्दीपुर गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत कृत्रिम गर्भाधानबाट जन्मेका बाच्छी/पाडी हुर्काउने कार्यक्रम रहेकाले यस गाउँपालिकाका कृषकहरूले आफूले पाल्दै आइरहेका गाईभैसीबाट कृत्रिम गर्भानधान गरि जन्मेका पाडी/बाच्छी हुर्काई पहिलो पटक बाली जाने उमेर भएका पाडी/बाच्छी पालन प्रोत्साहन रकम प्राप्त गर्नको लागि यस सूचना प्रकाशित भएको मितिले ...... दिन भित्र कार्यालयको समयमा बन्दीपुर गाउँपालिकाको कृत्रिम गर्भाधानबाट जन्मेका पाडी/बाच्छी हुर्काउने कृषकको लागि अनुदान कार्यक्रम सञ्चालन कार्यविधि ,२०८२ को अनुसूची २ बमोजिमको ढाँचामा निवेदन पेश गर्नुहुनको लागि यो सूचना प्रकाशित गरिएको छ ।

# अनुसूची २

मितिः

श्रीमान  प्रमुख प्रशासकीय अधिकृतज्यू
बन्दीपुर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय
बन्दीपुर ,तनहुँ ।

विषयः- कृत्रिम गर्भाधानबाट जन्मेका पाडी/बाच्छी हुर्काउने कृषकको लागि अनुदान कार्यक्रम बाट सहयोग उपलब्ध गराई पाउँ भन्ने बारे ।

तहाँ कार्यालयको मितिः.........................मा प्रकाशित सूचना अनुसार मैले हुर्काइरहको ......वटा पाडी/बाच्छीको लागि कृतिम गर्भाधानबाट जन्मेका पाडी/बाच्छी हुर्काउने कृषकको लागि अनुदान कार्यकेम अन्तगत सहयोग उपलब्ध गरिई पाउँ भनी तपसिलमा उल्लेखित कागजातहरू संलग्न राखी यो निवेदन पेश गरेको छु । निवेदन साथ संलग्न गर्नु पर्ने कागजातहरू

क) निवेदन
ख) वडा कार्यालयको सिफारिस पत्र ।
ग) नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी ।
घ) कृत्रिम गर्भाधानबाट जन्मेको प्रमाण (कृत्रिम गर्भाधान गरेको विवरण खुल्ने कागजात )
ङ) कृत्रिम गर्भाधान गरेको कार्ड र प्राविधिकले दिएको सिफारिस पत्र ।
च) टयाग लगाएको पाडी/बाच्छीको देखिनेगरी खिचिएको फोटो ।

निवेदक पेश गर्नेको

नामथरः-...................................
फार्मको नाम :-...................................
सम्पर्क नं :-...................................
दस्तखत :-...................................
मिति :-...................................

**अनुसूची ३**
**(दफा ८ सँग सम्बन्धित)**
**सम्झौता पत्र**

बन्दीपुर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बन्दीपुर तनहुँको आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम कृत्रिम गर्भाधानबाट जन्मेका पाडी/बाच्छी हुर्काउने कृषकको लागि अनुदान / कृत्रिम गर्भाधानबाट जन्मेका पाडी/बाच्छी हुर्काउने कृषकको लागि अनुदान कार्यक्रममा सहभागी हुने म /हामी कृषक............................ (यसपछि दोस्रो पक्ष भनिने ) बन्दीपुर गाउँपालिका (यस पछि प्रथम पक्ष भनिने) बिच भएको सम्झौता

१. प्रथम पक्षले कार्यक्रमका सर्तहरू पुरा भएपछि प्रोत्साहन रकम प्रदान गर्नेछ ।
२. अनुदान प्राप्त गरेपछि दोस्रो पक्षले १ वर्ष सो पशु बेच्न पाउने छैन ।
३. अनुदान प्राप्त गर्नका लागि वीमा र टयागिङ हुनु पर्दछ ।
४. अनुदान प्राप्त पशुवाट हुने उत्पादन बजार ब्यवस्थापन दोस्रो पक्षले नै गर्नुपर्नेछ ।
५. दोस्रो पक्षले पशुपालन ब्यवसाय गर्दा नियमित आन्तरिक परजिवी बिरुद्धका औषधी तथा रोग विरुद्धको खोपहरु अनिवार्य लगाउनुपर्नेछ ।
६. प्रथम पक्षले उपलब्ध भएसम्म स्वास्थ्य सेवा लगाएतका सेवा प्रदान गर्नेछ ।
७. दोस्रो पक्षले अनुदान प्राप्त गरिसकेपछि सर्तहरु पालना नगरेको पाईएमा प्रोत्साहन रकम सरकारी नियमनुसार असुल गरिनेछ ।

| **प्रथम पक्षको तर्फवाट** | **दोस्रो पक्षको तर्फवाट** |
|---|---|
| हस्ताक्षर | हस्ताक्षरः |
| नामथरः | नामथरः |
| पदः | ठेगानाः |
| कार्यालयको छापः | दर्ता भएको फार्म भए छाप |
| रोहवरः | |
| दस्तखतः | |
| नाम थरः | |
| पदः | |

आज्ञाले
कमल बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत